श्रीमान् यस सभाका सभाध्यक्ष ज्यू,
सभाका सदस्यज्यू
राष्ट्रसेवक कर्मचारी तथा अन्य आमन्त्रित गाउँसभाका सदस्य ज्यू,
संञ्चार कर्मी तथापत्रकार ज्यूहरु,
अन्य उपस्थित महानुभाव तथा सुरक्षा कर्मी साथीहरु,

नेपालको संविधानको भाग १९ को धारा २३० अनुसार आर्थिक वर्ष २०८०/०८१ को लागि यस सर्केगाड गाउँपालिकाको निति तथा कार्यक्रम गाउँपालिकाको उपाध्यक्षको हैसियतमा यस गरिमामय सभामा बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौराबन्दित भएको महसुस गरेको छु । यस अवसरमा लोकतान्त्रिक गणतन्त्र प्राप्तीको लागि विभिन्न जन आन्दोलन, महान जनयूद्ध, मधेस आन्दोलनका क्रममा आफ्नो ज्यानको बलिदानी गर्ने ज्ञात, अज्ञात सहिदहरु प्रति हार्दिक श्रदान्जली व्यक्त गर्दै घाईते तथा अपाङ्गता भएका एंव बेपत्ता भएका परिवार प्रति सम्मान तथा सहानुभूति प्रकट गर्दछू ।राजनैतिक सामाजिक परिर्वतन मा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सवै अग्रज प्रति अभार प्रकट गर्दछु ।

सर्केगाड गाउँपालिकाको यस एतिहासिक बाहौं गाउँ सभा समक्ष गाउँपालिकाको उपाध्यक्षको रुपमा विद्यमान बिषय परिस्थिति बिच आगामि आर्थिक बर्ष २०७८०/०८१ को बार्षक बजेट प्रस्तुत गर्न यस गाउँसभामा उभिएको छु यस अवसर प्रदान गर्नु हुने सर्केगाड गाउँपालिका बासीहरु प्रति आभारि छु ।

सभाका सदस्य ज्यूहरु,

अव म आर्थिक वर्ष २०८०/०८१ को प्रस्तावित आय व्याय प्रस्तुत गर्ने अनुमति चाहान्छु ।आगामि आर्थिक वर्ष ०८०/०८१ को लागि कुल रकम रु, ४६,७५,८२,१०० (अक्षरुपी छयालिस करोड पचहत्तर लाख बैयासी हजार एक सय रुपैयाको) बजेट प्रस्ताव गरेको छु ।

यसको कुल बजेटमा खर्च व्यहोर्ने स्रोतहरुमा नेपाल सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण अनुदान रकममा संघिय सरकारबाट ७,७५,००००० (अक्षरुपी सात करोड पचहत्तर लाख रुपैया मात्र) र प्रदेश समानिकरणबाट रु,

८४,३७,०००(चौरासी लाख सैतिस हजार) गरी कुल बजेट रु, ८,५९,३७,००० (अक्षरुपी आठ करोड उनान्साठी लाख सैतिस हजारमात्र  रुपैया) को बजेट पेश गरेको छु ।त्यसै गरी संघीय सरकारबाट हस्तान्त्रित बिशेष अनुदान रकम रु, १,१५,०००००(अक्षरुपी एक करोड पन्ध्र लाख रुपैया मात्र) र संघिय सरकारबाट प्राप्त हुने मुल्य अभिवृद्धी तथा अन्त शुल्क बापत नेपाल सरकारबाट राजश्व बाँडफाँड रकम रु, ७,२१,०२१००(अक्षरुपी सात करोड एक्काईस दुई हजार एक सय रुपैया मात्र) तथा नेपाल सरकारबाट सशर्त चालु रकम रु, १८,४४,००,०००(अक्षरुपी अठार करोड चौवालिस लाख रुपैया मात्र) त्यसै गरि नेपाल सरकारबाट पुँजिगत सशर्त रकम रु, ३,४७,००,०००(अक्षरुपी तिन करोड सत्चालिस लाख रुपैया मात्र) त्यसैगरि प्रदेश सरकारबाट प्राप्त हुने सशर्त रकम रु,४,५५,२५,०००(अक्षरुपी चार करोड त्रिपन्न लाख दश हजार रुपैया मात्र) भएको जानकारी गर्दछु ।

यसरी सर्केगाड गाउँपालिकालाई देशकै नमुना गाउँपालिकाको रुपमा स्थापित गर्ने परिकल्पना लाई साकार पार्न आवश्यक पूर्वाधार निमार्ण कृषि, पशु, सामाजिक क्षेत्रलाई सुधार गर्न मुख्य प्रथामिकतामा राखी श्रीमान गाउँसभाका अध्यक्ष ज्यू मार्फत सभा समक्ष प्रस्तुत निति तथा कायक्रमले निर्दिष्ट गरेका क्षेत्रहरुमा आबश्यक बजेटको व्यबस्था गरेको छु । कृषि, शिक्षा, स्वास्थ्य, रोजगार र पूर्वाधार समृद्ध सर्केगाड रोडको आधार भन्ने सोच लाई साकार पार्न यस गाउँपालिकाका व्यवसायी कृषि कार्यलाई प्रवद्धन गरी स्वरोजगार बन्नको लागि प्रोत्साहन हुने कार्यका लागि आबश्यक बजेटको व्यवस्था गरेको छु । कृषि, शिक्षा, स्वास्थ्य, रोजगार र पुर्वाधार सम्वृद्धी सर्केगाड गाउँपालिकाको आधार भन्ने सोचलाई साकार पार्न यस गाउँपालिका व्यावसायीक कृषि कार्य लाई प्रर्वद्धन गरी स्वरोजगार बन्नका लागि प्रोत्साहन हुने कार्यका लागि आबश्यक बजेटको व्यावस्था गरेको छु । रोजगारका अवसर सृजना गर्नको लागि गाउँपालिका भित्र साना घ्रेलु उद्योग स्थापनाको साथै बहुराष्ट्रीय कम्पानी स्थापनालाई प्रथामिकातामा राखिएको छ। साथै सम्पूर्ण गाउँपालिकाबासीमा आ-आफ्नो कर्तब्य र जिम्मेवारी बोध गराई अनुशासित, लगनशिल परिश्रमि बनाउन सहयोग पूर्याउने लक्ष्यकासाथ विभिन्न कार्यक्रमहरुको लागि आवश्यक बजेटको व्यावस्था गरेको छु । शिक्षामा सवैको

अधिकार स्थापित गर्न गाउँपालिका भित्र रहेका शैक्षिक समस्याहरुको भौतिक तथा शैक्षिक विकासका लागि विभिन्न कार्यक्रममा आबश्यक बजेट विनियोजन गरेको छु यसका शिक्षक दरबन्दी न्युन रहेका विद्यालयमा शिक्षकको पारिश्रमिकका लागि आबश्यक अनुदानको व्यवस्था गरेको छु । विधार्थीलाई स्थानीय परिवेश संग परिचित गराउँन स्थानीय पाठयक्रम निमार्णका लागि बजेट विनियोजन गरेको छु । नतिजामा आधारित प्रोत्साहन मार्फत विद्यालय, शिक्षक र विधार्थीहरुको मनोवल बढाउनको निम्ति शैक्षिक बढोतरिका लागि आबश्यक बजेटको व्यवस्था गरेको छु ।

समाजिक सुरक्षा तथा संरक्षणका माध्यमबाट स्थानीय सरकारको प्रत्याभूतिका लागि जेष्ठ नागरिक सम्मान तथा सुरक्षाका लागि समाजिक सुरक्षा तथा संरक्षणको लागि रकम विनियोजन गरिएको छ । अपांङ्ग लक्षित कार्यक्रमका लागि आबश्यक बजेटको व्यवस्था गरेको छु ।आदीवासी तथा जनजाति लक्षित कार्यक्रम,दलित लक्षित कार्यक्रम, साँस्कृतिक संरक्षणका कार्यक्रम, महिला तथा वाल विकास कार्यक्रमका लागि आबश्यक बजेटको व्यवस्था गरेको छु ।त्यसै गरि सामाजिक न्याय पुर्नस्थापनाको लागि मेलमिलाप केन्द्र व्यवस्थाका लागि बजेट विनियोजन गरेको छु । शान्ति सुरक्षा अमन चयन कायम गरि प्रहरी संग हातेमालो गर्दै दिगो शान्ति कायमका लागि स्थानीय राजश्वबाट तलब भत्ता खानेगरी गाउँ प्रहरी गठनको लागि बजेट विनियोजन गरेको छु ।

स्वास्थ्य नागरिक सम्वृद्धी गाउँपालिकाको आधार भन्ने मान्यता लाई साकार पार्न स्वास्थ्य तथा सरसफाई क्षेत्रको विकासमा विभिन्न निकायलाई परिचालित गरि स्वास्थ्य संस्था र स्वास्थ्य कर्मीहरुको क्षमता विकासको लागि आवश्यक बजेट व्यवस्था गरेको छु । साथै स्वास्थ्य तथा पोषण प्रवद्धनका कार्यक्रम संचालनको लागि बजेट विनियोजन गरेको छु । मातृ तथा नवशिशु मृत्युदर घटाउँनको लागि यस गाउँपालिकाभित्रमा स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउनेहरुको लागि प्रोत्साहन स्वरुप यातायात खर्चकोलागि बजेट विनियोजन गरेको छु ।

नागरिक सचेतना अभिवृद्धी गर्नका लागि संचार क्षेत्रका संग साझेदारी कार्यक्रमका लागि आबश्यक बजेटको व्यावस्था गरेको छु ।

**गाउँसभाका सदस्यज्यूहरु**

अव म अगामी आर्थिक वर्षको लागि क्षेत्रगत रुपमा देहाय बमोजिमको बजेट विनियोजन गरेको छु ।

**सामाजिक विकास क्षेत्र तर्फः** रु, १,३८,४५,५०० (एक करोड उठतिस लाख पैतालिस हजार पाँच सय रुपैया)
**पूर्वाधार विकास तर्फः** रु, ३,४६,००,००० (तिन करोड छैयालिस लाख रुपैया मात्र)
**आर्थिक विकास तर्फः** रु, २५,००,००० (अक्षरुपी पच्चिस लाख रुपैया मात्र)
**वन तथा विपत व्यावस्थापन तर्फः** १३,००,०००(अक्षरुपी तेह लाख रुपैया मात्र )
**लक्षित वर्ग नागरिक तर्फः** २५,००,००० (अक्षरुपी पच्चिस लाख मात्र)
**सुशासन तर्फः** ५,००,००० (अक्षरुपी पाँच लाख मात्र)
**वडा कार्यालयः** २,०२०,०००० (अक्षरुपी दुई करोड विस लाख मात्र)
**जनता संग अध्यक्ष कार्यक्रमः** ४०,००,०००(अक्षरुपी चालिस लाख रुपैया मात्र)
**जनता संग उपाध्यक्ष कार्यक्रमः** ३५,००,०००(अक्षरुपी पैतिस लाख रुपैया मात्र)
**अन्य म्याचिङ्ग फन्टः** २०,००,००० (अक्षरुपी विस लाख रुपैया मात्र)
**दुई पाङ्ग्रे सवारी साधन खरिदः** १०,००,००० ( अक्षरुपी दश लाख रुपैया मात्र)

**संघ र प्रदेश सरकारबाट प्राप्त सामानिकरण अनुदान लाई देहाय वमोजिमका शिर्षकहरुमा विनियोजन**

नेपाल सरकारबाट यस गाउँपालिकामा प्राप्त राजश्व वापतको रकम रु, ७,५१,०२,१००(अक्षरुपी सात करोड एकाउन्न दुई हजार एक सय रुपैया मात्र) देहाय बमोजिम शिर्षकगत विनियोजन गरेको छु ।

**चन्द्र सिंह कार्की (उपाध्यक्ष)**
**सर्केगाड गाउँपालिकाको कार्यालय**
**सर्केगाड, हुम्ला**